# नगर सभाको सोह्रौं अधिवेशनका प्रस्तावहरु

प्रस्ताव नं. १ : नगर कार्यपालिका वैठकमा छलफल भई सिफारिस भएका देहाय बमोजिमका नीति तथा कार्यक्रम र विधेयक स्वीकृत एवं संशोधन गर्नको लागि प्रस्ताव पेश गर्दछु ।

तपसिल

१. मेलम्ची नगरपालिकाको आर्थिक विधेयक, २०८१
२. मेलम्ची नगरपालिकाको विनियोजन विधेयक, २०८१
३. आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम
४. मेलम्ची नगरपालिकाको कृषि तथा पशुपन्छी विधेयक, २०८१
५. मेलम्ची नगरपालिकाको सहकारी ऐन २०७४ को चौथो संशोधन विधेयक, २०८१

प्रस्ताव नं. २ : नगर सभाको पन्धौं अधिवेशन पश्चात कार्यपालिका बैठकबाट गरिएका निर्णयहरुको अनुमोदन गर्ने प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. ३ : मिति २०८० साल श्रावण १ गते देखि मिति २०८१ को हालसम्म विभिन्न मितिमा नगर कार्यपालिका, नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृतस्तरको निर्णयबाट गरिएका खर्च भुक्तानीलाई अनुमोदन गर्ने प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. ४ : मेलम्ची नगरपालिका भित्र संचालित विभिन्न गैरसरकारी संस्थाबाट पेश भएको बजेट तथा कार्यक्रम स्वीकृतिको लागि प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. ५ : विभिन्न समितिहरुबाट नगर सभामा पेश भएको प्रतिवेदन स्वीकृतिको लागि प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. ६ : अख्तियारी प्रदान गर्ने प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. ७ : मध्यमकालिन खर्च संरचना २०८१/०८२ देखि २०८३/०८४ सम्म स्वीकृतको लागि प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. ८ : करार सेवाका कर्मचारीहरुको म्याद थप तथा करार सेवामा नयाँ कर्मचारी पदपूर्ति गर्नको कार्यपालिकालाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. ९: बागमती प्रदेश सरकार र संघीय सरकारमा पेश गर्ने योजनाका सम्बन्धमा प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. १० : नगरपालिका भित्रका विपद्जन्य घटनाहरु बाढी पहिरो नियन्त्रण सम्बन्धी कार्य, राहत व्यवस्थापन लगायतका तत्कालिन विपद्का कार्यमा कार्यपालिकाबाट निर्णय भई गरिएका सबै खर्चहरु अनुमोदन गर्ने प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. ११ : मेलम्ची नगरपालिका भित्र संचालित विभिन्न योजनाहरु निर्माणको क्रममा कार्यपालिकाको निर्णयबाट गरिएको म्याद थप, प्राविधिक लागत इष्टिमेट बमोजिम नपुग रकम समपुरक म्याचिङ्ग फण्ड, विविध सार्वजनिक निर्माण शिर्षक, मर्मत संभार कोष र आन्तरिक श्रोतबाट व्यवस्थापन गरी ठेक्का आव्हान गरिएकोमा विनियोजन गरिएको थप रकम र विभिन्न योजनाहरुमा गरिएको म्याद थपको अनुमोदन गर्ने प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. १२ : पशुपती महास्नान गुठीको नाममा दर्ता भएको गुठी जग्गा सम्बन्धमा प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. १३ : घरेलु तथा साना उद्योग कार्यालयबाट दर्ता एवं नवीकरण गरिंदै आएका उद्योग तथा व्यवसायहरु मेलम्ची नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरुबाट दर्ता र नविकरण गर्नको लगि प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. १४ : मेलम्ची नगरपालिकामा अस्थायी/करार सेवामा कार्यरत कर्मचारीहरुलाई स्थायी गर्ने सम्बन्धी प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. १५ : मेलम्ची नगरपालिकाको कर्मचारी संगठन संरचना संशोधन सम्बन्धी प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. १६ : बिपद् प्रभावित निजी आवास पुनर्निर्माण सम्बन्धमा प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. १७ : मेलम्ची फट्टे हुँदै दुवाचौर जोड्ने पक्की मोटरेवल पुलको DPR, लागत अनुमान, डिजाइन र ड्रोइङ्ग स्वीकृत गर्ने प्रस्ताव पेश गर्दछु ।

निर्णय नं. १८ : मेलम्ची नगरपालिका र अन्तर्गतका कार्यालयहरुमा रहेका जिन्सी मालसामानहरुको यथार्थ अवस्थाको बारेमा छलफल गर्ने प्रस्ताव पेश गर्दछु ।

## नगर सभाको सोहौं अधिवेशनका निर्णयहरु (२०८१ असार ९ गते )

निर्णय नं. १ : नगर कार्यपालिकाबाट सिफारिस भई नगर सभाको १६ औं अधिवेशनमा पेश भएका देहाय बमोजिम अनुसूचीमा उल्लिखित विधेयक, बजेट, नीति तथा कार्यक्रम सर्वसम्मत रुपमा स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

१. मेलम्ची नगरपालिकाको आर्थिक विधेयक, २०८१

२. मेलम्ची नगरपालिकाको विनियोजन विधेयक, २०८१

३. आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम

४. मेलम्ची नगरपालिकाको कृषि तथा पशुपन्छी विधेयक, २०८१

१. मेलम्ची नगरपालिकाको सहकारी ऐन २०७४ को चौथो संशोधन विधेयक, २०८१

निर्णय नं. २ : मेलम्ची नगरपालिकाको नगर सभाको पन्ध्रौं अधिवेशन पश्चात नगर सभाबाट अनुमोदन गर्ने गरी कार्यपालिकाको विभिन्न मितिमा भएका बैठकहरु तथा नगरपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुबाट विभिन्न शिर्षकहरुमा गरिएको बजेट विनियोजन, रकमान्तर, योजना संशोधन लगायतका विषयहरु तथा नगरपालिकाका विभिन्न कोषहरुमा भएका खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : मिति २०८० साल श्रावण १ गते देखि मिति २०८१ को हालसम्म विभिन्न मितिमा मेलम्ची नगरपालिकाका नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृतस्तरको निर्णयबाट भएका सम्पूर्ण खर्चहरु, नगरपालिकामा स्थापना गरिएका विभिन्न कोषहरुबाट भएका सम्पूर्ण खर्चहरु तथा कार्य प्रकृति र छिटो माध्यमबाट कार्य गर्नुपर्ने अवस्थामा कोटेशनबाट हालसम्म भएका र यस आ.ब. को अन्त्यसम्म हुने चालु तथा पूँजीगत तर्फका सम्पूर्ण खर्चहरुको अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ४ : मेलम्ची नगरपालिका भित्र संचालित अनुसूचीमा उल्लिखित विभिन्न गैरसरकारी संस्थाहरुबाट पेश भएको आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ५ : मेलम्ची नगरपालिकाको नगर सभाको सोह्रौं अधिवेशनमा नगरपालिका अन्तर्गत रहेका विभिन्न समितिहरुबाट पेश भएको अनुसूचीमा उल्लिखित प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ६ : नगर कार्यपालिकाको वैठक नबसेको अवस्थामा आकस्मिक रुपमा गर्नुपर्ने कार्यहरु संचालन गर्नको लागि त्यसपछि बस्ने कार्यपालिका वैठकबाट अनुमोदन गर्ने गरी नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गरी काम कारवाही अगाडि बढाउनको लागि अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : मेलम्ची नगरपालिकाको मध्यमकालिन खर्च संरचना २०८१/०८२– ०८३/०८४ स्वीकृतिको लागि कार्यपालिका वैठकबाट सिफारिस भई आएको हुँदा उक्त मध्यमकालिन खर्च संरचना स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ : आ.व. २०८१/०८२ को लागि अनुसूचीमा उल्लिखित करारका कर्मचारीहरुको लागि श्रोत सूनिश्चतता गर्ने निर्णय गरियो । साथै, उक्त पदहरुमा कार्यबोझ र कार्य प्रकृतिको आधारमा नेपाल सरकारको करारमा कर्मचारी भर्ना सम्बन्धी कार्यविधि बमोजिम करार सेवाका कर्मचारीहरुको म्याद थप तथा करार सेवामा नयाँ कर्मचारी पदपूर्ति गर्ने अख्तियारी कार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ : मेलम्ची नगरपालिका र अन्तर्गतका वडाहरुबाट सिफारिस भई आएका अनुसूचीमा उल्लिखित योजनाहरु निर्माण गर्नको लागि बजेट व्यवस्था गर्न संघीय सरकार, बागमती प्रदेश सरकार तथा मातहतका निकायहरुमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. १० : नगरपालिका भित्रका विपद्जन्य घटनाहरु बाढी पहिरो नियन्त्रण सम्बन्धी कार्य, राहत व्यवस्थापन लगायतका तत्कालिन विपद्का कार्यमा कार्यपालिकाबाट निर्णय भई गरिएका सबै खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : मेलम्ची नगरपालिका भित्र संचालित विभिन्न योजनाहरु निर्माणको क्रममा समय सिमा भित्र निर्माण कार्य गर्न नसकी कार्यपालिकाको विभिन्न मितिमा विभिन्न योजनामा गरिएको म्याद थप, प्राविधिक लागत इष्टिमेट बमोजिम नपुग रकमको समपुरक म्याचिङ्ग फण्ड, विविध सार्वजनिक निर्माण शिर्षक, मर्मत संभार कोष र आन्तरिक श्रोतबाट व्यवस्थापन गरी ठेक्का आव्हान गरिएकोमा उक्त ठेक्काको लागि नगरपालिकाबाट विनियोजन गरिएको थप रकम र विभिन्न योजनामा गरिएको म्याद थपको अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ : पशुपती महास्नान गुठीको नाममा दर्ता भई सोही वडामा बसोबास गर्ने विभिन्न व्यक्तिहरुको नाममा मोही कायम भएको मेलम्ची नगरपालिका वडा नं. १३ को अधिकांश गुठी जग्गाहरुको विगत लामो समय देखि तिरो नतिरी बक्यौता रहेको, परापूर्व काल देखि उक्त जग्गाहरु सम्बन्धित मोही कायम भएका कृषकहरुले नै भोगचलन गर्दै आएकाले उक्त जग्गाको हालसम्मको तिरो मिनाह र गुठीको स्वामित्वमा भएको जग्गालाई रैकर गरी जग्गा धनी प्रमाण पूर्जा उपलब्ध गराउन आवश्यक पहलको लागि कार्यपालिका

वैठकबाट सिफारिस भई आएको हुँदा उक्त जग्गाको हालसम्मको तिरो मिनाह र गुठीको स्वामित्वमा भएको जग्गालाई रैकर गरी जग्गा धनी प्रमाण पूर्जा उपलब्ध गराउन आवश्यक निर्णयका लागि सम्बन्धित गुठी संस्थान र मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. १३ : बागमती प्रदेश सरकारबाट जारी भएको प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ मा भएको व्यवस्था बमोजिम रु. ५ लाखसम्म पूँजी भएका उद्योग एवं व्यवसायहरुको दर्ता एवं नवीकरण गर्ने अधिकार स्थानीय तहको अधिकार क्षेत्र भित्र रहेको र रु. ५ लाख देखि माथि रु. ५ करोडसम्म पूँजी भएका उद्योग एव् व्यवसायहरुको दर्ता एवं नवीकरण घरेलु तथा साना उद्योग कार्यालयबाट गर्नुपर्ने प्रावधन रहेको छ। संघीयता कार्यान्वयन पछि व्यवसाय दर्ता, खारेजी र नियमन गर्ने अधिकार स्थानीय तहको अधिकार क्षेत्र भित्र समेत पर्ने भएको र स्थानीय सेवाग्राही एवं व्यवसायीहरु प्रदेश र स्थानीय तहको दोहोरो करको मारमा परेको र सोको कारण एकिकृत सेवा प्रवाह हुन नसकेको गुनासो प्राप्त भएको हुँदा आ.व. २०८१/०८२ देखि यस मेलम्ची नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण उद्योग व्यवसायीहरुलाई एकिकृत सेवा प्रदान गर्नका लागि सबै प्रकारका उद्योग एवं व्यवसायहरुको दर्ता, नवीकरण र नियमनको सम्पूर्ण कार्य मेलम्ची नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरुबाट गर्ने व्यवस्थाका लागि सम्बन्धित विभाग एवं बागमती प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. १४ : सम्मानित श्री पुनरावेदन अदालत, धनकुटाको मिति २०७०/१२/२६, चन्द्रकला धमला विश्वकर्मा विरुद्ध जिल्ला विकास समितिको कार्यालय समेतको मुद्धामा जिल्ला विकास समितिको कार्यालयलाई मिति २०७०/१२/२६ मा गरिएको आदेश, पोखरा महानगरपालिका, काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिकाबाट अस्थायी तथा करार सेवामा नियूक्ति भई अविछिन्न रुपमा कार्य गरिरहेका कर्मचारीहरुलाई स्थायी गरिएको सन्दर्भमा सोही बमोजिम जिल्ला विकास समितिको कार्यालय, सिन्धुपाल्चोकबाट समायोजन भई आएका र मेलम्ची नगरपालिका र साविकका गाउँ विकास समितिहरुमा नेपालको संविधान, २०७२ जारी हुनु भन्दा अगाडि अस्थायी तथा करार सेवामा नियूक्ति भई अविछिन्न रुपमा कार्यरत रहेका कर्मचारीहरुलाई एक पटकको लागि मेलम्ची नगरपालिकाको अस्थायी/करारका कर्मचारीहरुको सेवा स्थायी गर्ने कार्यविधि, २०८१ बमोजिम आन्तरिक प्रतिस्पर्धाको माध्यमबाट रिक्त रहेको पदमा स्थायी पदपूर्ति गर्ने निर्णय गरियो।

निर्णय नं. १५ : मिति २०७९ साल फागुन ३ गतेको नगरसभाबाट स्वीकृत मेलम्ची नगरपालिकाको कर्मचारी संगठन संरचना संशोधन गर्न आवश्यक अध्ययन गरी स्वीकृतिका लागि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो

निर्णय नं. १६ : मेलम्ची नगरपालिका भित्र विभिन्न विपद्जन्य घटनाबाट प्रभावित भई मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधि,२०७७ तथा आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधि,२०७८ बमोजिम मेलम्ची नगरपालिका क्षेत्र भित्रका लाभग्राही कायम भएका पीडितहरुले हालसम्म पनि दोश्रो र अन्तिम किस्ता अनुदान रकम प्राप्त गर्न नसकेको हुँदा सो सम्बन्धमा तत्काल उक्त अनुदान रकम निकासाका लागि सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरियो । साथै, प्राविधिक एवं अन्य विभिन्न कारणबाट पुनर्निर्माण र किस्ता प्राप्तीको कार्य समयसिमा भित्र सम्पन्न हुन नसकेको हुँदा सो सम्बन्धमा समेत म्याद थपको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १७ : बि.सं. २०७८ साल असार १ गते मेलम्ची नदीमा आएको भिषण बाढीबाट मेलम्ची स्थित फट्टे हुँदै दुवाचौर जोड्ने पक्की मोटरेवल पुल पूर्ण रुपमा क्षति भई आवतजावत र दैनिक यातायात संचालनमा कठिनाई उत्पन्न भएको हुँदा उक्त स्थानमा नयाँ पक्की मोटरेवल पुल निर्माणको लागि मेलम्ची नगरपालिकाले निर्माण गरेको मोटरेवल पुलको DPR, लागत अनुमान, डिजाइन र ड्रोइङ्ग स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १८ : मेलम्ची नगरपालिका र अन्तर्गतका कार्यालयहरुमा रहेका जिन्सी मालसामानहरुको यथार्थ अवस्थाको बारेमा छलफल गरी नगर सभामा जानकारी गराइयो ।

२०८१।३।४